# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २८ ] काठमाडौं, साउन २३ गते २०३५ साल [ अतिरिक्ताङ्क २८


श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

श्री ५ को सरकारले "जाँचबुझ आयोग ऐन, २०२६" को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको आयोग गठन गरी सो आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकिदिएको छ :–

१. आयोगको गठनविधि :

(क) माननीय श्री ओमकारप्रसाद गौचन,
राष्ट्रिय पञ्चायतका सदस्य– अध्यक्ष

(ख) श्री वीरेन्द्रप्रसाद शाह, सह-सचिव,
गृह पञ्चायत मन्त्रालय– सदस्य

(ग) श्री हरिप्रसाद शर्मा, सह-सचिव,
कानून तथा न्याय मन्त्रालय– सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आयोगको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :

अमेरिकी बोइङ कर्पोरेशनले शाही नेपाल वायु सेवा निगमलाई पहिलो प्लेन बेच्दा शाही नेपाल वायु सेवा निगमको संचालक समितिको कुनै सदस्यले रिसवत पाएको भन्ने चर्चित सार्वजनिक महत्वको विषयमा भ्रष्टाचार गरेको ठहर्न सक्ने देखिएकोले सो विषयमा यथार्थ छानवीन गरी तथ्य पत्ता लगाई श्री ५ को सरकारमा प्रतिवेदन पेश गर्ने र सो कामका लागि आवश्यक पर्ने उक्त ऐनको अधिकारहरू प्रयोग गर्ने।

३. यस आयोगको कार्यावधि : काम शुरू गरेको मितिले एक महीनाको हुनेछ।

आज्ञाले–
डा. दिव्यदेव भट्ट
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

३५२

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।